# औरही गाउँपालिका
AURAHI RURAL MUNICIPALITY
## गाउँ कार्यपालिकाको कार्यालय
OFFICE OF RURAL MUNICIPAL EXECUTIVE
देउरी परवाहा, धनुषा
DEURI PARWAHA, DHANUSH

मधेश प्रदेश,नेपाल
MADHESH PROVIENCE
, NEPAL

प.सं.-०७९/०८०
च.नं. ८९६
श्री वडा कार्यालयहरु (१-६) सम्पूर्ण
औरही गाउँपालिका देउरी परबाहा,धनुषा

मिति २०८०/१/२४

**विषय  कृषक बर्गमा जानकारी गराउने सम्बन्धमा**

महोदय,

उपरोक्त सम्बन्धमा यस औरही गाउँपालिकाको आ.ब.२०७९/०८० को स्वीकृत कार्यक्रम अनुसार यस पालिका भित्रका कृषकहरुको माटो शिबिर कार्यक्रम गर्नुपर्ने भएकोले सम्पुर्ण वडाका कृषकहरुमा वडा कार्यालयले सूचना टास गरी माटो परीक्षणको लागि नमुना संकलन गर्ने तपशिल वमोजिमको बिधि अपनाउन जानकारी गराउनहुन अनुरोध छ।

तपशिल:

(१)माटोको नमुना लिनको लागि खाद्यान्न बालीको लागि गहिराई ९ (नौ)इन्च हुनु पर्ने  फलफुलको हकमा ३ देखि ४ फिट गहिरो हुनुपर्ने।
(२)माटोको नमुना संकलन ५०० ग्रामको हुनुपर्ने।
(३)जग्गाको चारै भाग बाट चारवटा माटो नमुना लिनुपर्ने।
(४) नमुना लिदा V,Z,M,Y आकारमा लिनु पर्दछ।
(५)नमुना लिएपछी माटो जम्मा गर्ने जम्मा गरेको माटोलाई दुई भाग गर्ने र फेरी दुई बाट आधी,आधी माटो  लिने  पुनः त्यसैलाई २,३ पटक दुईभाग लाई एक भाग गरी ५०० ग्राम जम्मा गरी प्लाष्टिकमा राख्ने।
(६) सेतो थैलोमा माटो संकल्न गरी पहिले लगाएको बालीको नाम,प्रयोग गरेको मलको परिमाण अब लगाउन चाहेको बालीको नाम,किसानको नाम,ठेगाना,मिति,मोबाइल नं अनिवार्य सेतो थैलोमा मार्करले लेख्ने आजको मितिले ७ दिन भित्र कृषि बिकाश शाखामा दर्ता गराउने।
(७) ७ (सात) दिन भित्रमा सम्पूर्ण कृषकहरुको माटो संकलन गरी यस गाउँपालिकाको कृषि बिकाश शाखामा बुझाउनु पर्ने।

नोट:-यस पत्रको आधारमा वडा कार्यालयले सूचना टाँस गरी कृषक लाई जानकारी गराई त्यस पत्रको आधारमा माटो नमुना संकल्न गराउन अनुरोध छ।बिस्तृत जानकारीको लागि सम्पर्क मोबाईल नं.९८४४८०५८६७,९८१८६७६२४१

एक बहादुर पौडेल
ना.प्रा.स.कृषि बिकाश शाखा

२०८०/०१/२४
सविर कुमार महतो
प्रमुख प्रशासकीय अधिकृत

Email:- aurahimun@gmail.com, Web:- aurahimundhanusha.gov.np